# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०६) पोखरा, फागुन ०३ गते, २०८० साल (अतिरिक्ताङ्क २२

## भाग २

### गण्डकी प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

### प्रदेश विपद् व्यवस्थापन (पहिलो संशोधन) नियमावली, २०८०

प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४७क. ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम “प्रदेश विपद व्यवस्थापन (पहिलो संशोधन) नियमावली, २०८०” रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ को नियम १२ मा संशोधनः** प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ को नियम १२ को,-

(१) उपनियम (१) को खण्ड (झ) को पछि देहायको खण्ड (ञ) थपिएको छः-

"(ञ) जिल्ला विपद् व्यवस्थापन समिति वा स्थानीय विपद् व्यवस्थापन समितिबाट पहिचान भएका विपद्बाट प्रभावित वा सम्भावित विपद्का घटनाको जोखिममा रहेका अस्पताल, विद्यालय, सरकारी कार्यालय जस्ता सार्वजनिक निकाय, सडक, वस्ती लगायतका विपद्का कारण पुगेको क्षति तत्काल न्यूनीकरण तथा रोकथाम सम्बन्धी कार्य गर्न,"

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) र (१ख) थपिएका छन्:-

"(१क) उपनियम (१) बमोजिमको कार्य गर्न आवश्यकताका आधारमा कार्यकारी समितिको निर्णयानुसार समिति आफैं वा जिल्ला विपद् व्यवस्थापन समिति वा स्थानीय विपद् व्यवस्थापन समितिमा रकम प्रदान गर्न सक्नेछ ।

(१ख) उपनियम (१क) बमोजिम जिल्ला विपद् व्यवस्थापन समिति वा स्थानीय विपद् व्यवस्थापन समितिमा रकम प्रदान गर्दा सम्बन्धित पूर्वाधार विकास कार्यालयको सिफारिसलाई आधार लिन सकिनेछ।"

(३) उपनियम (३) मा रहेका "पाँच करोड रुपैंया" भन्ने शब्दहरुको सट्टा "दश करोड रुपैंया" भन्ने शब्दहरु राखिएका छन् ।

आज्ञाले,<br>
तिर्थराज भट्टराई<br>
प्रदेश सरकारको सचिव

मुद्रकःगण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु. १०।-